

safe abortion action fund

# Reproductive Health Research *Policy Brief*

Number 15, March 2011

Abortion... Women's Safety First

# सुरक्षित गर्भपतनका लागि धार्मिक अल्पसंख्यक महिला तथा पुरुषहरुको समूह निर्माण गरी स्वपरिचालन गरेमा ती समुदायका महिलाहरु लाभान्वित हुने


## सारांश

अन्य धर्म तथा जात जातीका महिलाहरूलाई जस्तै इच्छा नभएको गर्भ, गर्भपतन गर्न धार्मिक अल्पसंख्यक (मुस्लिम) महिलाहरूलाई पनि बाध्य पर्ने कपिलवस्तु जिल्लाका धार्मिक अल्पसंख्यक (मुस्लिम) महिला र पुरूषहरूको अनुभव रहेको पाइएको छ । यदि ती महिलाहरूको सुरक्षित सेवामा सहज पहूँच भएन भने त्यसलाई असुरक्षित गर्भपतन गर्न वा सन्तानको रहर पुगे पनि बच्चानै जन्माउन बाध्य हुने धारणा ती समुदायको महिला तथा पुरूषहरूको रहेको पाइएको छ ।

गर्भपतन अधिकारलाई ती समुदायका महिला र पुरूषहरूले सकरात्मक रूपमा लिनुका साथै असुरक्षित गर्भपतनको रोकथाम तथा सुरक्षित गर्भपतन सेवामा पहूँच अभिवृद्धिका लागि सहज वातावरणको निर्माण गर्न पुरूषहरूको भूमिका उल्लेख्य हुनेमा उनीहरूको समान धारणा रहेको छ ।


## पृष्ठभूमि

हरेक नेपाली महिलाहरूका लागि सर्वशुलभ तथा पहूँचयोग्य सुरक्षित गर्भपतन सेवा निर्माण गर्ने नेपाल सरकारले राष्ट्रिय नीति अंगिकार गरेको छ । सोही अनुरूप सेवाको विविधिकरण र विस्तार गरी नीतिगत लक्ष्य प्राप्तीका लागि निरन्तर अग्रसर रहेतापनि बान्छित उपलब्धी प्राप्त हुन सकिरहेको छैन ।

नेपालमा गर्भपतनले कानुनी मान्यता पाएर सेवाको शुरूवात भएको ७ वर्ष बितिसक्दा पनि अझै धेरै महिलाहरू कानुन र सेवाका बारेमा अनभिज्ञ रहेका छन् । विगतमा गरिएको एक अध्ययनले गर्भपतनले कानुनी मान्यता पाएको बारेमा ग्रामीण भेगका के वल २० प्रतिशत महिलाहरूलाई मात्र जानकारी भएको देखाएको छ । अझ ती महिलाहरू मध्ये केवल ९ प्रतिशत मुस्लिम महिलाहरूलाई मात्र गर्भपतनले कानुनी मान्यता पाएको वारेमा जानकारी भएको पाईएको छ (PPFA-I/CREHPA, 2009) ।

यस्तै हालै मात्र नेपाल भारत सीमाका नेपाली महिलाहरूलाई समावेश गरी गरिएको अर्को एक सर्वेक्षणमा मुस्लिम समुदायका केवल २२ प्रतिशत महिलाहरू लाई मात्र गर्भपतनले कानुनी मान्यता पाएको बारेमा जानकारी भएको देखिएको थियो (CREHPA, 2010) ।

## Advocacy and Behavior Change Intervention (ABCI) Project

ग्रामीण भेगका पछाडी पारिएका गरिब, दलित, आदिवासी, जनजाती तथा धार्मिक अल्पसंख्यकहरूलाई असुरक्षित गर्भपतनको रोकथाम तथा सुरक्षित गर्भपतन सेवामा पहूँच अभिबृद्धि का लागि सहज वातावरणको


क्रपा CREHPA

**Center for Research on Environment Health and Population Activities (CREHPA)**
Kusunti, Lalitpur, P.O. Box: 9626, Kathmandu, Nepal. Phone: 5546487, 5521717, Fax: 5522724
Email:crehpa@crehpa.wlink.com.np, Website: www.crehpa.org.np

निर्माण गर्न कृपाले Safe Abortion Action Fund को सहयोगमा सन् २००७ देखि Advocacy and Behavior Change Intervention (ABCI) Project: Enabling rural and marginalized women to access safe abortion care in Nepal नामक कार्यक्रम सञ्चालन गरिएको थियो ।

पहिलो चरण अन्तर्गत यो कार्यक्रम जुलाई २००७ देखि जुन २००९ सम्म विभिन्न १६ जिल्लाहरूमा सञ्चालन भएको थियो । पूनः थप गरिएको एक वर्ष अवधिमा (अप्रिल २०१० देखि मार्च २०११) यो कार्यक्रम ६ जिल्लाका तिनै लक्षित समूहहरूको बसोवास भएको ५, ५ गा.वि.स. हरू छनौट गरी कार्यक्रम सञ्चालन गरिएको थियो । कार्यक्रम सञ्चालित ६ जिल्लाहरू मध्ये कपिलवस्तु धार्मिक अल्पसंख्यक (मुस्लिम) समुदाय लक्षित जिल्ला रहेको थियो । जसमा सो समुदायका महिला तथा पुरूषहरूलाई समावेश गरी समूह निर्माण तथा परिचालन, महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई सशक्तिकरण तथा तालिम, महिला स्वास्थ्य स्वयंसेविका, महिला तथा पुरूष समूह तथा सुरक्षित गर्भपतन सेवा केन्द्र बीच रेफरल सञ्जालको निर्माण जस्ता प्रमुख क्रियाकलापहरू गरिएको थियो ।

सम्भवतः नेपालमै पहिलो पटक गर्भपतनको अधिकारका लागि धार्मिक अल्पसंख्यक (मुस्लिम) समुदायहरूलाई प्रत्यक्ष रूपमा समूह निर्माण गरी परिचालन गरिएको यो कार्यक्रममा उनीहरूको उल्लेख्य रूपमा सहभागिता रहेको थियो । यसै सन्दर्भमा धार्मिक अल्पसंख्यक (मुस्लिम) समुदायमा प्रजनन् स्वास्थ्य तथा गर्भपतनका बारेमा के कस्तो धारणा र प्रचलनहरू रहेको छ, सो को जानकारी लिने उद्देश्यले कार्यक्रम सञ्चालित २ गा.वि.स. का धार्मिक अल्पसंख्यक महिला र पुरूषहरूसँग अलग अलग ४ वटा समूह छलफल गरिएको थियो । सोही समूह छलफलको आधारमा यो Policy Brief निर्माण गरिएको छ ।

## गर्भपतन अधिकार महिलालाई दिएकोमा अधिकांश धार्मिक अल्पसंख्यक महिलाहरु (मुस्लिम) सहमत

गर्भपतनलाई महिलाको प्रजनन् अधिकारको रूपमा नेपालको कानुनले स्थापित गरिदिएको छ । हरेक नेपाली महिलाहरूलाई आफ्नो सुसूचित निर्णयमा कानुनले तोकेको शर्तहरू पालना गरी आफ्नो इच्छा नभएको गर्भ, गर्भपतन गर्न सक्ने अधिकार छ । गर्भपतन अधिकार महिलाहरूलाई दिएको प्रति अधिकांश धार्मिक अल्पसंख्यक (मुस्लिम) महिलाहरू सहमत भएको यस कार्यक्रमका लागि गरिएको आधारभूत तथा मुल्याङ्कन सर्वेक्षणको नतिजाले देखाएको छ । गर्भपतन अधिकार महिलालाई दिएता पनि सही र समयमा नै निर्णय गर्नाका लागि श्रीमान्हरूको सहयोग आवश्यक पर्दछ भन्ने बारेमा धार्मिक अल्पसंख्यक महिला तथा पुरूषहरू एकमत रहेको देखिएको छ । यदि गर्भपतन सम्बन्धी निर्णयमा महिला र पुरूषको समान सहभागिता भएमा गर्भपतन गर्नमा सहज हुनका साथै सुरक्षित सेवा, सेवा शुल्कको व्यवस्था, गर्भपतन पश्चातको हेरचाह र गर्भपतन पश्चात पर्न सक्ने कुनै पनि समस्याहरू समाधान गर्न मद्दत पुग्ने बारेमा उनीहरू सहमत देखिएका छन् ।

> **श्रीमान्हरुलाई पनि गर्भपतन सम्बन्धी कानुन र सेवाको बारेमा जानकारी दिनु पर्दछ । यदि उनीहरुलाई गर्भपतनको बारेमा जानकारी दियो भने महिलाहरुलाई झन् सम्झाउन सजिलो हुन्छ । श्रीमान्हरुले पनि बुझे भने सेवा दिने ठाउँ खोज्न, पैसा दिन र अरु परिआउने सहयोग गर्न सजिलो हुन्छ ।**
>
> *-एक धार्मिक अल्पसंख्यक पुरुष*



*महिला समूहका मुस्लिम सदस्यहरु मासिक बैठकमा सहभागी हुँदै*

## पुरुष सञ्चार समूह निर्माण र परिचालनबाट समुदायमा सकारात्मक प्रभाव

गर्भपतनसम्बन्धी कानुन र सुरक्षित सेवाको जानकारीका अभावमा अझै पनि समुदायका महिला तथा दम्पत्तिहरू असुरक्षित गर्भपतनका कारण विभिन्न स्वास्थ्यसम्बन्धी समस्याहरू उत्पन्न भई यसका निदानका लागि धेरै दिन अस्पताल बस्नु परेको, उपचारका लागि खर्च धेरै गर्नुपरेको उनीहरूको भोगाई रहेको थियो । यस्ता प्रचलनहरूको अन्त गरी सुरक्षित सेवामा महिलाहरूको सहज पहूँच अभिवृद्धि गर्नका लागि समुदायका महिला तथा पुरूषहरूको समूह निर्माण गरी परिचालन गर्दा समुदायमा सकारात्मक प्रभाव पर्ने देखिएको छ ।

गर्भपतन अधिकार, कानुन तथा सेवाहरूको बारेमा सचेत गराई परिचालन गरेमा ती समुहका सदस्यहरूले आफ्नो परिवार तथा समुदायमा जानकारी गराउने गरेको पाइएको छ ।



पुरुष समूहका मुस्लिम सदस्यहरु मासिक बैठकमा सहभागी हुँदै

**हाम्रो यो (काखको बच्चालाई देखाउदै) बच्चा जन्माउने इच्छा थिएन । यसलाई फाल्न खुनुवा (भारत) मा गएर औषधी किनेर खायौं । त्यो औषधी खाए पछि त म झण्डै मरिन, मेरो रगत बगेको बग्यै भयो । मेरो तल्लो पेट पनि बेस्सरी दुख्यो । केही सीप नलागे पछि अस्पताल गयौं । मेरो श्रीमान्ले रगत दिएर मलाई बचाउनु भयो अहिले फेरी अर्को नचाहेको बच्चा पेटमा आयो । मेरो श्रीमान्ले यसलाई फाल्न मेरी स्टोप्समा जाऔं भन्नु भएको थियो (मेरो श्रीमान् कृपाले बनाएको पुरुष समूहको सदस्य हो उसलाई यस बारेमा सबै थाहा छ ।) पहिला त मैले मान्दै मानिन होस् अब त्यस्तो गर्दिन बच्चानै जन्माउँछु फेरी त्यस्तै भयो भने त मरिहाल्छु नी जस्तो लाग्यो तर वहाँले सम्झाउनु भयो र बुझ्नका लागि त्यहाँ (मेरी स्टोप्स) जाँदा धेरैले गर्भपतन गरेको र त्यस्तो समस्या अरुहरुलाई नभएको देख्दा खुसी लाग्यो तर मेरो गर्भ ४ महिनाको भन्दा बढि भैसकेको हुनाले गर्भपतन गर्न पाइन । ३ महिना भन्दा बढिको त गर्न पाइदैन नी पहिला नै थाहा पाइएन के गर्नु ?**


*- एक धार्मिक अल्पसंख्यक महिला*

## नचाहेको गर्भ गर्भपतन गर्न आफ्नो जिल्ला बाहिर जानु पर्ने वा असुरक्षित प्रकृया अपनाउनु पर्ने बाध्यता

कपिलवस्तु जिल्लाका महिलाहरूलाई नचाहेको वा इच्छा नभएको गर्भ गर्भपतन गर्न आफ्नो जिल्ला बाहिर गई सेवा लिनु पर्ने बाध्ययता रहेको छ । जिल्लाका सरकारी अस्पतालहरूमा गर्भपतन सेवा उपलब्ध नभएको र निजि क्षेत्रबाट सञ्चालित सेवा केन्द्र सबै का लागि पायक नपर्ने हुनाले त्यस्तो बाध्यता उनीहरूलाई पर्ने गरेको छ । आफ्नो जिल्लामा सेवा लिन पायक नपर्ने भएको हुनाले जान्ने बुझ्नेहरू नेपालकै विभिन्न ठाउँहरूमा गएर सुरक्षित गर्भपतन सेवा लिने र लाटा सोझाहरू (जसलाई यस बारेमा केही थाहा छैन) वा जान नसक्नेहरू मध्ये कोहीले जडिबुटी खाई असुरक्षित तरिकाले गर्भपतन गर्ने तथा केहीले भारतमा वा नेपालमै औषधी किनेर खाई गर्भपतन गर्न प्रयास गर्ने गरेको अनुभव पाइएको छ । ती मध्ये केही महिलाहरूले त नचाहेको गर्भ पनि जन्माउन बाध्य हुने गरेको उनीहरूको धारणा रहेको छ ।

**धेरैले जडिबुटी खान्छन् र फाल्छन् सवैलाई जडिबुटीले काम गर्दैन रैछ मेरो कान्छो छोरो (अगाडी खेल्दै गरेको बच्चालाई देखाउँदै) पेटमा भएको बेलामा मैले पनि लह चिचिराको जरा पिसेर पानी जस्तै बनाएर खाएको थिए । त्यसले केही असर गरेन र बच्चा पनि खेर गएन । यो जन्मिने बेलामा अपाङ्ग पो हुने हो की भन्ने डर लागेको थियो धन्न केही भएन राम्रै जन्मियो । यदि सुरक्षित सेवा हाम्रै अस्पतालहरुमा पाएमा र सबैले थाहा पाएमा यस्तो जडिबुटी खाने वा असुरक्षित गर्नु नै पर्दैन ।**

*- धार्मिक अल्पसंख्यक महिला*



महिला तथा पुरुष समूहका सदस्यहरु समुदायमा कार्यक्रम सञ्चालन गर्ने बैठकको आयोजना गर्दै

यदि सरकारी अस्पतालमा सर्वशुलभ सेवा उपलब्ध भएमा टाढा र महंगो सेवा लिन, असुरक्षित गर्भपतन गर्न र नचाहेको बच्चा जन्माउन बाध्य नपर्ने उनीहरूको ठम्याई रहेको छ । हाल कृपाको लामो पहल पश्चात कपिलवस्तु जिल्लाका सरकारी अस्पतालमा सुरक्षित गर्भपतन सेवाको शुरूवात हुन लागेको छ ।

## सुरक्षित गर्भपतन सेवाको पहूँच अभिवृद्धि गर्ने सचेतता कार्यक्रमहरु सञ्चालन गर्न धार्मिक अल्पसंख्यक (मुस्लिम) समुदायका महिला तथा पुरुषहरुको जोड

धार्मिक अल्पसंख्यक महिला तथा पुरूषहरू समुदायका महिला तथा दम्पत्तिहरूलाई सुरक्षित गर्भपतन सेवामा सहज पहूँच अभिवृद्धि गर्न आवश्यक भएको बारे एकमत देखिन्छन् । सुरक्षित सेवामा पहूँच अभिवृद्धि गर्नका लागि महिला तथा पुरूषहरूका साथसाथै युवावर्गहरूलाई सहभागी गराउन आवश्यक हुने उनीहरूको बुझाई रहेको छ । त्यस्तै, विद्यालयस्तरीय स्वास्थ्य कार्यक्रम, घरदैलो कार्यक्रम पनि गर्न आवश्यक रहेको उनीहरूले बताएका छन् । यो सेवालाई निःशुल्क वा सुलभ बनाउनु पर्नेमा ती समुदायका प्रायः सबैजनाको मत रहेको पाईएको छ । यदी सुरक्षित सेवामा सबैको सहज पहूँच भएमा असुरक्षित गर्भपतन गरी जीवन र स्वास्थ्यलाई जोखिममा पार्नु पर्ने बाध्यताको अन्त हुनेमा उनीहरूको पूर्ण विश्वास रहेको पाईएको छ ।



महिला तथा पुरुष समूहका सदस्यहरु समुदायमा कार्यक्रम सञ्चालन पश्चातको सामुहिक तस्वीर

## निष्कर्ष

गर्भपतन आफैमा एक सम्वेदनशील विषय भएको हुनाले यस प्रति हरेक क्षेत्रमा भिन्न भिन्न सोचाई, धारणा र व्यवहार रहेको पाइन्छ । अझै पनि गर्भपतन प्रति खुलेर कुरा गर्न नसक्नु, कानुन र अधिकारका वारेमा थोरैलाई मात्र जानकारी हुनु, ग्रामीण क्षेत्रसम्म सुरक्षित गर्भपतन सेवाको विस्तार गर्न नसक्नु, विस्तार गरिएका केही सरकारी सेवा केन्द्रहरूले नियमित सेवा दिन नसक्नु तथा केहीले सेवा दिन बन्द गर्नु, असुरक्षित तथा अवैध सेवाका प्रचलनहरू कायम रहनु, आदि यसका प्रमुख चुनौतीहरू हुन् । यस्ता चुनौतीहरूको समाधान गर्न सकिएमा लक्षित समुदायहरू लाभाम्वित हुने देखिन्छन् ।

यदि सही र तथ्यगत आधारहरूलाई समावेश गरी महिलाको प्रजनन् स्वास्थ्य र अधिकार विशेष गरी गर्भपतन सम्बन्धी विषयमा वकालत, जनशिक्षा, सचेतता तथा जनमत निर्माण जस्ता कार्यहरू सञ्चालन गरेमा सबै समूह तथा समुदायहरूको उचित सहयोग र सहकार्य निर्माण भई यस विषयप्रति सकरात्मक धारणाको विकास हुने र सो समूह र समुदायहरूलाई उनीहरूकै समुदायमा स्वपरि चालन गर्न मद्दत पुग्ने यो कार्यक्रमको अनुभव रहेको छ ।

## नीतिगत सुझाव

समुदायमा गर्भपतन सम्बन्धी कानुनी ब्यवस्था तथा सुरक्षित गर्भपतन सेवाका बारेमा ब्यापक जनशिक्षा तथा सचेतता कार्यक्रमहरू सञ्चालन गर्नु पर्ने आवश्यकता देखिएको छ । यस्ता कार्यक्रमहरू विशेष गरी धार्मिक अल्पसंख्यक तथा दलित समुदायमा केन्द्रित हुनु आवश्यक देखिन्छ ।

गर्भपतन सम्बन्धी जनशिक्षा तथा सचेतता कार्यक्रमहरूमा पुरुषहरूलाई पनि समावेश गरिएमा समुदायमा गर्भपतन प्रति सहज वातावरण निर्माण हुने देखिन्छ ।

हरेक महिलाहरूका लागि सर्वशुलभ तथा पहूँच योग्य सुरक्षित गर्भपतन सेवा केन्द्रहरूको विस्तार भएमा असुरक्षित गर्भपतनका प्रचलनहरू अन्त भई सुरक्षित सेवा उपभोग गर्न पाउने सुनिश्चित हुने देखिन्छ ।

SAAF is a multidonor fund hosted by IPPF that provides specific support for incountry initiatives to increase access to safe abortion services for marginalized and vulnerable women.

## References

CREHPA (2010). Cross border abortion; a study on abortion seeking behavior of women living in districts along the border. CREHPA, Kathmandu.

MoHP/FHD/Ipas/CREHPA (2006). Nepal Comprehensive Abortion Care, National Facility Based Study.

PPFA-I/CREHPA (2009). Increasing awareness and access to safe abortion among Nepalese women: An evaluation of network for addressing women's reproductive rights in Nepal (NAWRN) program. CREHPA, Kathmandu.